**आकाशवाणी समाचार- नेपाली**

मितिः ०४ मार्च २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

- इरान र संयुक्त इजरायली-अमेरिकी सेनाद्वारा गरिएको नयाँ मिसाइल र ड्रोन आक्रमणपछि पश्चिम एसियामा द्वन्द्व बढेको छ।

- रंगहरूको पर्व होली आज देश भरि उत्साहपुर्वक मनाइँदैछ।

- नेपालमा भोली 5 मार्चको दिन एक करोड़ 80 लाख भन्दा अधिक नेपाली नागरिकहरुले आफ्नो नयाँ नेताको चुनाव गर्न मतदान गर्नेछ ।

- भारतीय जनता पार्टी (भाजपा) ले एक पत्रकार सम्मेलन आयोजना गरेर मतदाता पुनरीक्षण अर्थात एसआईआरको विषयबारे स्पष्टीकरण दिएको छ।

- इण्डियन गोर्खा जनशक्ति फ्रण्टका नेता अजय एडवर्ड्सले एसआईआरको जारी रिपोर्टप्रति असन्तोष प्रकट गर्दै निर्वाचन आयोगलाई पत्र लेख्नुभएको छ ।

**<u>इरान / इजरायल-अमेरिका युद्ध</u>**

इरान र संयुक्त इजरायली-अमेरिकी सेनाद्वारा गरिएको नयाँ मिसाइल र ड्रोन आक्रमणपछि पश्चिम एसियामा द्वन्द्व बढेको छ। ताजा रिपोर्टहरूका अनुसार, इजरायलले हाल तेहरान र बेरुतमा रहेका सैन्य अड्डाहरूलाई एकैसाथ लक्षित गरेर आक्रमण गरिरहेको छ। इजरायल रक्षा बलले बताए अनुसार अग्रिम रक्षा रणनीतिको एक भागको रूपमा दक्षिणी लेबनानको सीमा क्षेत्र नजिकैको धेरै स्थानहरूमा आफ्नो सेना तैनाथ गरेको छ। इजरायल रक्षा बलका अनुसार, इजरायलले हेजबुल्लाहको पूर्वाधारमा लक्षित आक्रमण गरिरहेको छ। इजरायलले इरानी शासनको तर्फबाट इजरायलमाथि आक्रमण गर्ने विकल्प गरेको आरोप लगाएको छ।इजरायल रक्षा बलले बेरुतमा इजरायली आक्रमणमा प्यालेस्टिनी इस्लामिक जिहाद कमाण्डर **अबु हमजा रामी**को मृत्यु भएको बताएको छ। अबु हमजा रामीको हत्याले इजरायल विरुद्ध कारबाही गर्ने प्यालेस्टिनी इस्लामिक जिहादको क्षमतालाई कमजोर बनाएको । एक अन्य आक्रमणमा, इजरायली सेनाले बेरुतमा रहेको हेजबुल्लाहको गुप्तचर मुख्यालयका प्रमुख हुसेन मकलादलाई पनि मारेको बताएको छ।यस बाहेक अमेरिकी केन्द्रीय कमाण्डले अमेरिकी सेनाले जारी कारबाहीको क्रममा इस्लामिक रिवोल्यूशनरी गार्ड कोर कमाण्ड र नियन्त्रण केन्द्रहरू, इरानी हवाई रक्षा क्षमताहरू, मिसाइल र ड्रोन प्रक्षेपण स्थलहरू र सैन्य हवाई क्षेत्रहरू नष्ट गरेको बताएको छ।

**<u>होली</u>**

रंगहरूको पर्व होली आज देश भरि उत्साहपुर्वक मनाइँदैछ। यो पर्व नराम्रो माथि राम्रोको विजयको प्रतीक हो र यसले वसन्त ऋतुको आगमनको संकेत गर्दछ। होलीले समानता र भ्रातृत्वको सन्देश फैलाउँछ किनकि यो जात, धर्म, रंग, आयु र लिङ्गको भेदभाव नगरी समाजका सबै वर्गले ठूलो उत्साहका साथ मनाउँछन्।यस दिन मानिसहरूले एकअर्कालाई रङ लगाउँछन्, शुभकामना आदानप्रदान गर्छन् र मिठाईको आनन्द लिन्छन्। उत्सव मनाउनेहरू सडकमा निस्कन्छन् र लोकप्रिय गीतहरूमा नाच्छन्, जबकि नानीहरूले रंगीन बेलुनहरू उडाएर यो पर्व मनाउँछन्।

byte

राष्ट्रपति द्रौपदी मुर्मुले होलीको अवसरमा देशवासी प्रति हार्दिक शुभकामना व्यक्त गर्नुहुदै आफ्नो सन्देशमा होली, खुशी र उत्सवको पर्व रहेको जसले सामाजिक सद्भावको सन्देश दिन्छ भनि बताउनुभएको छ । यो पर्वले समाजमा प्रेम र आशा फैलाउँछ र सामाजिक एकताको भावनालाई बलियो बनाउँछ भनि उहाले बताउनुभएको छ । उपराष्ट्रपति सी.पी. राधाकृष्णनले पनि देशवासिहरुलाई

होलीको शुभकामना दिनुभएको छ। उपराष्ट्रपतिले सोशल मीडिया संदेशमा भन्नुभयो कि देशको समृद्ध परंपराहरुमा यो त्यौहारले आपस्तको सम्मान अनि भाईचारालाई अझ बलियो बनाउदछ।

**होली - शुभकामना**

पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यनर्जीले डोल यात्रा अर्थात् होलीको अवसरमा राज्यवासीहरूलाई शुभकामना दिँदै मानिसहरूसित पवित्र सद्भावलाई स्थापित राख्ने अपील गर्नुभएको छ। उहाले भन्नुभयो - रंगहरूको यो पर्वले समाजमा एकता अनि भाइचाराको सन्देश दिन्छ।मुख्यमन्त्रीले सोशल मीडियामा गुरुदेव रवीन्द्रनाथ ठाकुरको डोल उत्सवसित सम्बन्धित पंक्तिहरू साझा गर्दै भन्नुभयो , यो पर्वले मानिसहरूमाझ प्रेम अनि एकबद्धताको भावनालाई सशक्त बनाउँछ। उहाले आफ्नो सन्देशमा भन्नुभयो - डोल यात्राको शुभ अवसरमा सबैलाई हार्दिक शुभकामना, शान्ति एवं आनन्दको रंगले मानवतामा पवित्र सद्भाव ल्याओस्। विधानसभामा नेता प्रतिपक्ष शुभेन्दु अधिकारीले पनि डोल पूर्णिमा र होलीको शुभकामना दिँदै मानिसहरूको सुख अनि समृद्धिको कामना गर्नुभएको छ।

**CAA पश्चिम बंगाल**

केन्द्र सरकारले नागरिकता संशोधन ऐन (CAA) अन्तर्गत भारतीय नागरिकताको लागि आवेदनहरूको निर्णय गर्न पश्चिम बंगालमा अझ दुईवटा सशक्त समितिहरू गठन गरेको छ। केन्द्रीय गृह मन्त्रालयले एक राजपत्र अधिसूचनामा भनेको छ कि यी सशक्त समितिहरूको नेतृत्व, भारत सरकारको उपसचिव पदभन्दा तलका अधिकारीले गर्नेछन्, जसलाई भारतका रजिस्ट्रार जनरल र जनगणना आयुक्तले मनोनित गर्नेछन्। पश्चिम बंगालमा पहिलानै यस्ता दुई समितिहरू छन्।CAA ले पाकिस्तान, अफगानिस्तान र बंगलादेशबाट आएका आप्रवासीहरूलाई नागरिकता प्रदान गर्ने व्यवस्था गरेको छ जो ३१ डिसेम्बर, २०१४ भन्दा पहिला आफ्नो देशमा धार्मिक उत्पीडनको डरले भारतमा प्रवेश गरेका थिए| यी देशहरूका छ अल्पसंख्यक धर्महरू - हिन्दू, सिख, ईसाई, बौद्ध, जैन र पारसीहरू हुन्।

**नेपाल चुनाव**

नेपालमा भोली 5 मार्चको दिन एक करोड़ 80 लाख भन्दा अधिक नेपाली नागरिकहरुले आफ्नो नयाँ नेताको चुनाव गर्न मतदान गर्नेछ। चुनावको लागि सबै तैयारिहरु पुरा भैसकेको छ अनि नेपाल निर्वाचन आयोगले निष्पक्ष अनि शांतिपूर्ण चुनाव सुनिश्चित गर्नको लागि आचार संहिता कठोरता पुर्वक पालन गरिरहेको छ।

byte

चुनाउलाई ध्यानमा राख्दै हिज देखि पश्चिम बंगाल नजिकै भारत-नेपाल सीमा 72 घण्टाको निम्ति बन्द गरिएको छ। पानीट्याङ्की सीमामा आवागमन पूर्ण रूपमा रोकिएको छ। यस अवधि दुई देशबीच नागरिकहरूको आवागमन र व्यावसायिक गतिविधिहरू पूर्ण रूपमा रोकिएको छ। यद्यपि, आपतकालीन सेवाहरू अन्तर्गत एम्बुलेन्स सेवाहरू सञ्चालनमा राखिएको छ। प्रशासनले 06 मार्च बिहानदेखि सीमापारी आवागमन पुनः सामान्य हुने बताएको छ। पानीट्याङ्की सीमामा व्यापार मुख्यतया नेपाली नागरिकहरूमा निर्भर गर्दछ, त्यसैले सीमा बन्दले स्थानीय व्यवसायहरूलाई असर पर्नु निश्चित छ। सीमा क्षेत्रका व्यापारीहरूले नेपालमा हुने चुनाउ र नयाँ सरकार गठनलाई पनि ध्यानमा राखेका छन्।

**एसआईआर-सञ्जीव लामा**

भारतीय जनता पार्टी (भाजपा) ले एसआईआर नितान्त कानुनी प्रक्रिया रहेको स्पष्ट गर्दै यो प्रक्रिया भाजपाको सरकारमा मात्र नभई कंग्रेसको सरकारमा पनि भएको बताएको छ। भाजपाले हिज खरसाङमा एक पत्रकार सम्मेलन आयोजना गरेर मतदाता पुनरीक्षण अर्थात एसआईआरको विषयमा स्पष्टीकरण दिएको छ।पत्रकार सम्मेलनमा भाजपा दार्जिलिङ जिल्ला अध्यक्ष सञ्जीव लामाले एसआईआरलाई लिएर विपक्षी पार्टीले राजनीति गरिरहेको आरोप लगाएका छन्। उहाले यो भाजपाको सरकार हुँदा मात्र होइन, तर कंग्रेसको सरकारमा पनि पाँचपल्टसम्म भइसकेको जानकारी गराए। उहाले भविष्यमा जुनै सरकार आए पनि एसआईआर प्रक्रिया चल्ने बताएका छन्।लामाले पहाडमा एसआईआरलाई लिएर भाजपाले जिम्मेवारी लिनु पर्छ भन्ने आरोपको खण्डन गर्दै विपक्षले यो तथ्यहीन र अर्थहीन कुरा गरिरहेको आरोप पनि लगाएका छन्। उहाले अझ भन्नुभयो - 'एसआईआर प्रत्येक जिल्लामा

जिल्लाधिकारीको अधीनमा राज्यका कर्मचारीहरुलाई लिएर भइरहेको छ। यसमा धेरै निर्वाचितहरुको नाम पनि न्यायिक प्रक्रियाको सूचीमा रहेको छ। यसमा मेरो आफ्नै परिवारको पनि धेरैको नाम परेको छ। यो कानुनी प्रक्रिया हो। यसमा सिस्टमले काम नगरेको हुनसक्छ। तर यो भाजपाले गरेको होइन अनि विपक्षको भनाई तथ्यहीन र अर्थहीन छ।'उहाले आईआर विषयलाई लिएर आम जनता तथा समर्थकहरूलाई अनावश्यक रूपमा आत्तिनु पर्ने कुनै आवश्यकता छैन भनी बताए। उनले भाजपा सधैं जनताको हक, अधिकार र सुरक्षाको पक्षमा दृढ़ रूपमा उभिएको दाबी गरेका छन् र । पार्टीले यस विषयलाई गम्भीरतापूर्वक लिएको अनि जनहित विपरीत कुनै निर्णय हुन नदिने प्रतिबद्धता व्यक्त गरेको उहाले स्पष्ट पर्नु भएको छ।

**अजय एडवर्ड्स (एसआईआर)**

इण्डियन गोर्खा जनशक्ति फ्रण्टका केन्द्रिय संयोजक अजय एडवर्ड्सले एसआईआरको जारी रिपोर्टप्रति असन्तोष प्रकट गर्दै निर्वाचन आयोगलाई पत्र लेख्नुभएको छ । उहाले एसआईआरको ताजा रिपोर्टले देशरक्षक गोर्खाहरूमाथि अन्याय भएको बताउनु भएको छ । उहाले भन्नुभयो 'गत 28 फरवरीको दिन निर्वाचन आयोगले एसआईआरको सूची जारी गरेको छ र मतदाता सूचीबाट धेरै मतदाताहरूको नाम हटाइएको छ। मतदाता सूचीबाट साधारणभन्दा साधारण मतदाताहरूको नाम हटाइएकाले ती मतदाताहरू निराश छन्। यहाँसम्म कि देशरक्षक गोर्खाहरूको नामसमेत हटाउने कार्य भएको छ। देशका लागि आफ्नो प्राणको आहुति दिने गोर्खाहरूको नाम एसआईआरको सूचीबाट हटाइनु सरासर अन्याय हो।'उहाले अझ भन्नुभयो 'एउटा बुथ मात्र होइन, धेरैवटा बुथ तथा ब्लकहरूमा आश्चर्यचकित बनाउने एसआईआरको रिपोर्ट आएको छ, जसमा मतदाताहरूको नाम सूचीबाट हटाइएको छ। कतिपय ठाउँमा एउटै घरभित्र दाजुको नाम छ, तर भाइको छैन। त्यसरी नै छोराको नाम छ, तर बाबुको नाम छैन। यी विषयहरूलाई ध्यानमा राख्दै एडवर्ड्सले निर्वाचन आयोगलाई पत्राचार गर्नुभएको छ ।

****** ○ ******